व्यास नगर कार्यपालिकाको २२६ औं बैठक आज मिति२०८२/०८/०७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिकासदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री चेतबहादुर दरै | अनुपस्थित |
| कार्यपालिकासदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिकासदस्य | - श्री रनसिं नेपाली | अनुपस्थित |
| सदस्य - सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा.अध्यक्ष, वडा नं.८ | - श्री राम प्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/७/१६ गते भएको २२५ औं कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
प्रस्ताव नं.२: मिति २०८२/५/५ गते शुक्रबार गरिएको प्रथम सार्वजनिक सुनुवाईको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: भुमी बैंङ्क स्थापना गर्न नेपाल सरकारसँग अनुमति माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: आ.व. २०८२/०८३ को प्रथम चौमासिकको भौतिक तथा वित्तिय प्रगती समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.५: १६ दिने लैंङ्गिक हिंसा विरुद्धको कार्यक्रम (२०८२/८/९-२४ सम्म) व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.६: अन्तर्राष्ट्रिय अपाङ्गता दिवस २०८२/८/१७ गते मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका उर्जा विकास उपसमिति गठन तथा सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यास ५ भागर क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.९: विद्युत प्रशारण लाइन क्षेत्रमा उद्यमशिलता तालिम व्यवस्थापन सम्बन्धमा ।
प्रस्तावनं.१०: व्यास नगरपालिकाबाट आब्हान गरिएका विभिन्न ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: नेपाल सरकारबाट जारी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (दोस्रो संशोधन) नियमावली सम्बन्धमा ।
प्रस्ताव नं.१२: व्यास नगरपालिकाको ४४ औं नगरसभा आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: जिल्लास्तरीय सातौं राष्ट्रपति रनिङ शिल्डको कार्यक्रम र आन्तरिक परीक्षा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: दमौली खानेपानी उपभोक्ता समितिको पानी सुद्धीकरण गर्ने माग सम्बन्धमा ।
प्रस्ताव नं.१५: सितला प्रा.वि. समायोजन एवं कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६: नगर शिक्षा योजना अद्यावधिक सम्बन्धमा ।
प्रस्ताव नं.१७: समता विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विविध सामाग्री खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१८: व्यास नगरपालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: नगरपालिका र वडा अन्तर्गतका करार कर्मचारीहरुको दरबन्दी एवं संगठन संरचना सम्बन्धमा ।
प्रस्ताव नं.२०: व्यास नगर प्रज्ञा प्रतिष्ठानको सभा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: गण्डकी प्रदेश अस्पताल दमौलीको चिकित्सा सेवा विस्तार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२२: लामो समय सेवा गरी हाल स्वेच्छिक अवकाश लिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.२३: स्वास्थ्य संस्था दर्ता तथा नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.२४: सटर भाडा सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.२५: न्यूनतम भाडा दर कायम गरी सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: वार्षिक स्वीकृत कार्यक्रममा अनुदानग्राही छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२७: रकम निकासा माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२८: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२९: सुरक्षित नागरिक आवासको दोस्रो किस्ता रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.३०: बहिरा शिक्षक मनोज थापाको पुनर्वहाली हुन पाउँ भन्ने निवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३१: सवारी साधन खरिदको अनुमती माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३२: भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३३: घुम्ती शौचालयको सम्झौता रद्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३४: निषेधित प्लाष्टिकजन्य फोहोरमैला व्यवस्थापनमा छिमेकी पालिकाहरुसँग समन्वय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३५: रूख काट्ने अनुमती सम्बन्धा ।
प्रस्ताव नं.३६: शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३७: शिक्षा नियमावली अनुसार अध्ययन बिदाका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३८: श्रोत सुनिश्चित गरी निर्माण कार्य अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.३९: विपदजन्य र अत्यावश्यक कार्यका विभिन्न माग सम्बन्धमा ।

**निर्णयहरुः**

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/७/१६ गते भएको व्यास नगरकार्यपालिकाको २२५ औं बैठकका निर्णयहरु र नगरपालिकाबाट भएको सेवा प्रवाहका सम्बन्धमा समिक्षा गरी निर्णयहरुमा भएका केही टाइपिङ त्रुटी र अस्पष्टताहरुलाई स्पष्ट गर्ने निर्णय गरियो ।

निर्णय नं.२: प्रस्ताव नं. २ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/८/५ गते व्यास नगरकार्यपालिका मूल प्रशासकीय भवनको प्राङ्गणमा भएको प्रथम सार्वजनिक सुनुवाईको सञ्चालनको जिम्मेवारी नेपाल पत्रकार महासंघ तनहुँ शाखालाई दिई कार्य सम्पन्न भएकाले धन्यवाद ज्ञापन गर्ने र व्यवस्थापनमा भएका कमि-कमजोरी आगामी सुनुवाइमा सुधार गर्ने, नागरिकस्तरबाट आएका सुझावहरुलाई पालना गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

निर्णय नं.३: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुंदा हालसालै नेपाल सरकारबाट जारी भएको भू-उपयोग (तेस्रो संशोधन) भूमि नियमावली २०८२ को नियम १३ (क) (१) अनुसार यस नगरपालिकामा भूमि बैंङ्क स्थापनाको माग गर्न सकिने हुँदा व्यास नगरपालिका अन्तर्गत रहेका बाँझो जग्गाहरुमा उत्पादन बढाउन भूमि बैंङ्क स्थापना गर्न आवश्यक देखिएकाले नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४:प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ का लागि कुल प्रस्तावित आयमा २२ प्रतिशत भएको, भौतिक प्रगती २८.६२ प्रतिशत भएको, चालु खर्च २७.६८ भएको, पूँजिगत तर्फ ६.४२ भएको, आन्तरिक आय रू.४,०३,४६,६४९/६४ भएको, फोहोर व्यवस्थापनबाट संकलित आय २०८२ कार्तिक २५ सम्मको रू.७,५८,१२२/०५ भएको बैठकमा जानकारी प्राप्त गरी आय बृद्धि एवं पूँजिगत खर्च बृद्धिमा सम्बन्धित सबैले सकृयता बढाउने निर्णय गरियो ।

निर्णय नं.५: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुंदा मिति २०८२/८/९ देखि २४ गते (२०२५-११-२५-२०२५-१२-१० सम्म) हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा "UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS" राष्ट्रिय नारा प्रविधिको सही प्रयोग गरी लैङ्गिक हिंसा अन्त गरौं भन्ने रहेकाले ९ गते ११:०० बजे उद्घाटन समारोह व्यवस्थापन गर्न गराउन उपप्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा सबै नगरकार्यपालिकाका महिला सदस्यहरु, नगरसभाका महिला सदस्यहरु सदस्य रहने र महिला तथा बालबालिका शाखा प्रमुख सदस्य-सचिव रहने गरी समिति गठन गर्ने निर्णय गरियो । साथै मिति २०८२/८/१० गतेदेखि २३ गतेसम्म सबै वडा अन्तर्गत वडा समितिको निर्णयानुसार कार्यक्रम गर्नु गराउनु हुन वडा समितिलाई व्यवस्थापनमा सहयोग पुऱ्याउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.६: प्रस्तावनं.६ का सम्बन्धमा छलफल हुंदा December 3, 2025 का दिन २०८२ मार्ग १७ गते बुधबार अन्तर्राष्ट्रिय अपाङ्गता दिवस भएकाले सरोकारवाला अपाङ्गता संघ संगठनका प्रतिनिधिहरुलाई सहभागी गराई कार्यक्रमको आयोजना गर्न गराउन उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरियो । नारा "Fostering disability Inclusive societies for advancing social progress"

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो । साथै निम्नानुसार ५ सदस्यीय उपसमिति गठन गर्ने सहित निर्णय गरियो ।

(१) संयोजक श्री रमेशचन्द्र हड्खले (वडा अध्यक्ष-१)

(२) सदस्य श्री यम कुमार मल्ल (उद्योग वाणिज्य संघ प्रतिनिधि)

(३) सदस्य श्री ईश्वर विसुराल (व्यास १३, व्यवसायी)

(४) सदस्य श्री शर्मिला गैह्रे (व्यास ११ समाजसेवी)

(५) सदस्य-सचिव श्री अमृत के.सी. (भूमि व्यवस्थापन एवं घर नक्सापास शाखा)

निर्णय नं.८: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुंदा व्यास ५ भागर क्षेत्रमा जम्मा भएको सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्नका लागि भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुंदा तनहुँ विद्युत परियोजना लगायत विभिन्न कार्यक्रम अन्तर्गत विद्युत प्रशारण लाइनबाट प्रभावित व्यास १, १२, १३ र १४ मा उद्यमशिलता तालिम सञ्चालन गर्न सम्बन्धित संस्थालाई सहयोग पुऱ्याउने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाबाट आव्हान गरिएका विभिन्न निर्माण तथा आय ठेक्का सम्बन्धी कार्यको लागि कार्यालयबाट विद्युतीय बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आब्हान भएकोमा दर्ता हुन आएका विभिन्न फर्मका विद्युतीय बोलपत्र/दरभाउपत्रहरु मध्ये बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम तपशिल बमोजिमका ठेक्काहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सिनं. | योजनाको नाम र ठेगाना | फर्मको नाम र ठेगाना | कवोल रकम (कर बाहेक.अ.मू) रू. | घटी/बढी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालिका मार्ग स्तरोन्नती व्यास ८ | श्री मुभमेन्ट बिल्डर्स प्रा.लि. काठमाण्डौं | १,०२,३१,०८१/९५ | ३१.८४ | घटी |
| २ | नगरपालिकाको स्वामित्वमा रहेको सटर भाडामा कोठा नं .११२ | श्री रहमान मियां व्यास ६ | १६,०००/- | १०.३४ | बढी |
| ३ | नगरपालिकाको स्वामित्वमा रहेको सटर भाडामा कोठा नं१११ . | श्री रमेश सेवा परियार व्यास १० | २१,१०१/- | १७.२३ | बढी |
| ४ | मादि नदीको नदिजन्य पदार्थ उत्खनन तथा विक्री गर्ने कार्य (चापाघाट मादिको पक्की पुलदेखि सिशाघाट मादि नदीको पक्की पुलसम्म) | श्री खनाल ईन्भेष्टमेन्ट कन्स्ट्रक्सन व्यास १० तनहूं । | २,४७,८४,१००/- | ०.००४२ | बढी |
| ५ | एन.एम.वि. बैंकले प्रयोग गरेको कोठा भाडामा लगाउने सम्बन्धी कार्य | श्री इन्द्र प्रसाद अधिकारी गल्याङ स्याङजा | ६४,०००/- | २.४० | बढी |
| ६ | खड्गकाली मोटर मार्ग कालोपत्रे निर्माण व्यास ११ | श्री विशाल एण्ड विराट/विश्वास एण्ड वि.पू. जे.भी. गोकर्णेश्वर, काठमाण्डौं | १,८९,३१,८२५/१० | ३३.७७ | घटी |

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुंदा नेपाल सरकारबाट जारी भएको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण (दोस्रो संशोधन) नियमावलीको बैठकमा जानकारी प्राप्त भई संशोधित नियमावली अनुसार विवरण संशोधन माग भई आएमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको ४४ औं नगरसभा मिति २०८२ पौष २५ गते शुक्रबार बिहान ११:३० बजे नगरसभा कक्षमा बस्ने गरी आव्हान गर्ने र आवश्यक तयारी गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुंदा तनहुँ जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड २०८२, मंसिर १८ र १९ गते भिमादमा हुने भएकाले उक्त कार्यक्रममा विद्यार्थी सहभागी गराउन र उक्त अवधिमा आन्तरिक परीक्षा परेको भए २०८२/८/२० गते सञ्चालन गर्ने व्यवस्था मिलाउन व्यास नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुंदा दमौली खानेपानी उपभोक्ता समिति अन्तर्गत व्यास न.पा. वडा नं. २,३,४ अन्तर्गत ३,०००/- (तिन हजार) भन्दा बढि घरधुरीलाई सेवा प्रवाह भईरहेको उक्त खानेपानी ट्याङ्कीमा हाल प्रशोधन गर्ने बालुवाको अभावले खानेपानीको सुद्धतामा प्रश्न उठेकाले उक्त बालुवा भर्न करिव २० लाख लाग्ने हुंदा सहयोगका लागि यस नगरपालिकामा उपभोक्ता समितिबाट अनुरोध भई आएकाले वडा नं. २, ३, ४ बाट प्रति वडा रू.१,००,०००/- (एक लाख) वडा बजेटबाट उपलब्ध गराउन र नगरस्तरीय बजेट शिर्षक नं. ८७६ बाट खर्च हुने गरी रू.५,००,०००/- (पाँच लाख) समेत जम्मा रू.८,००,०००/- (आठ लाख) दमौली खानेपानी उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गत वडा नं.१३ मा सञ्चालित शितला प्रा.वि. विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यार्थी संख्या ज्यादै न्यून भई नजिकको विद्यालयमा समायोजन गरिदिन सिफारिस भई आएकोले उक्त विद्यालयलाई निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) शितला प्राथमिक विद्यालयलाई वडा नं.१३ स्थित रहेको बालकल्याण प्राथमिक विद्यालयमा समायोजन गर्ने ।

(ख) शितला प्राथमिक विद्यालयमा रहेको नगद तथा जिन्सी सम्पत्ति १३ नं. वडा कार्यालयको रोहवरमा बालकल्याण प्राथमिक विद्यालय व्यास १३ मा स्थानान्तरण गर्ने ।

(ग) विद्यालय कर्मचारी (विद्यालय सहयोगी) लाई बालकल्याण प्राथमिक विद्यालयमा स्थानान्तरण गर्ने ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुंदा आ.व. ०८२/०८३ को बार्षिक नीति कार्यक्रम तथा बजेट सि.नं. ९४ नगर शैक्षिक सुधार योजना अध्यावधिक कार्यक्रम कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री केदारराज आचार्यको संयोजकत्वमा शिक्षाविद् तथा सम्बन्धित क्षेत्रका विज्ञ एवं संयोजकले आवश्यकता अनुसार तोकेका व्यक्तिहरुको सहभागीतामा सरोकारवालाहरुसँग आवश्यक राय छलफल गरी यस अघि तयार भएको व्यास नगर शैक्षिक सुधार योजना (नगर शिक्षा योजना) लाई अध्यावधिक गरी पेश गर्न शिक्षा प्रमुख केदारराज आचार्यलाई जिम्मा दिने निर्णय गरियो

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाबाट व्यास ७ शेषमटारमा सञ्चालित समता विद्यालयमा विद्यार्थी व्यवस्थापन गर्न तत्काल एक कोठा खाली गर्नुपर्ने भई कुनै एक कोठालाई दुई वटा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने हुँदा सो कार्य गर्न र अन्य आवश्यक सामाग्री खरिदका लागि करिव १० लाखको माग भई आएकाले तत्काल बजेट शिर्षक नं. ७३ बाट खर्च हुने गरी रू.५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुमा प्रत्येक वडाहरुलाई सडक बालबालिका मुक्त वडा घोषणा गर्ने भनि राष्ट्रिय बाल अधिकार परिषद् पुल्चोक ललितपुरको मिति २०८२ बैशाख २८ को पत्र तथा सोही परिषद्को प्रत्येक वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धी सूचना अनुसार सडक बालबालिका मुक्त वडा स्थानीय तह र प्रदेश घोषणा कार्यविधि समेत संलग्न गरी मिति २०८२ आषाढ ९ गते सबै वडाहरुमा पत्राचार गरिएकोमा अधिकांश वडाहरुबाट सडक बालबालिका नरहेको भनी जानकारी प्राप्त भएकोले आवश्यक छलफल गरी सडक बालबालिका देखा परेमा सडकमा बस्ने बालबालिका उद्धार गरी पुनःस्थापना तथा सामाजिकीकरण सेवा उपव्लब्ध गराउन सूचिकृत भएका सेवा प्रदायक संघ संस्थाहरुमा उपलब्ध नामावलीमा रहेको सम्पर्क विवरणमा सम्पर्क रहने तथा उद्धार गरी सम्पूर्ण

वडाहरु तथा यस स्थानीय तहलाई समेत सडक बालबालिका मुक्त स्थानीय तह भएकोले सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिका अन्तर्गतका करार कर्मचारीको दरबन्दी विषयमा मिति २०८२/७/१६ गते भएको बैठकको निर्णयले कर्मचारीहरुमा संसय उत्पन्न भएकोले अस्थायी र करारमा रहेका कर्मचारीहरुले स्वेच्छिक राजिनामा दिएमा स्वीकृत गर्दै जाने, नगरसभाबाट O&M Study को Report पारित गरी नगरसभाले स्वीकृत गरेको पदहरु स्वीकृतीका लागि प्रदेश किताबखानामा पठाइएकोमा हालसम्म स्वीकृत वा अस्वीकृत भन्ने कुनै जानकारी प्राप्त हुन नआएको अवस्था र करार कर्मचारीको म्याद पौष मसान्तसम्म भएको अवस्थामा पुनः एक पटक O&M को Report बमोजिमको दरबन्दी पुनरावलोकन गरी स्वीकृत गर्ने र पौष मसान्तपछि स्वीकृत दरबन्दी भन्दा अन्य कर्मचारीको म्याद थप नगर्ने सर्वसम्मत निर्णय गरियो । साथै प्र.प्र.अ.को पत्र मार्फत तलव भत्ता रोक्काको लागि पत्राचार भएतापनि कर्मचारीहरुको करार सम्झौता भङ्ग हुन बाँकी रहेको र त्यस्ता कर्मचारीहरुले कामकाज गरिरहेकोले सम्पूर्ण जवाफदेहिता कार्यपालिकामा रहने गरी निजहरुको तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुंदा व्यास नगर प्रज्ञा प्रतिष्ठानको सभा यही २०८२ मार्गभित्र गर्न गराउन प्राज्ञ समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुंदा प्रदेश अस्पताल दमौली तनहुँबाट मिति २०८२/८/७ गते स्थानीयस्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रममा सहजीकरण गरिदिनु हुन भन्ने विषयको पत्र प्राप्त भएकाले व्यास नगर अस्पतालमा आँङ खस्ने, पाठेघरको मुखको क्यान्सर लगायतका स्त्री तथा महिला रोगहरु सम्बन्धी सेवा बिस्तार गर्न दमौली अस्पतालसँग सहकार्य गर्ने र आवश्यक प्रबन्ध मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखा र व्यास नगर अस्पताल व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकामा लामो समयदेखि अस्थायी र करारमा कामकाज गर्दै आउनु भएका सहायक प्रशासकीय अधिकृत श्री राजुहरी पण्डितले स्वेच्छिक राजिनामा दिई स्वीकृत भइसकेको हुंदा निजलाई करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि २०८० को दफा ५ बमोजिम पाउने प्रोत्साहन सुविधा समितिको सिफारिस बमोजिम रू.४,८७,८६०/५० र निजको अस्थायी सेवा अवधिभर संचित घर बिदा ६ महिना र संचित बिरामी बिदा ५ महिनाको नियमानुसार पाउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका नीजि स्वास्थ्य संस्थाहरुको दर्ता तथा नविकरणका लागि यस कार्यालयमा निवेदनहरु प्राप्त भएकोले दर्ता तथा नविकरण गर्ने निर्णय गरियो ।

**दर्ता तथा नवीकरण गर्ने स्वास्थ्य संस्थाहरु**

| क्र.स | संस्थाको नाम | ठेगाना | नविकरण सकिएको मिति | नविकरण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | मित्रता स्वास्थ्य क्लिनिक | व्यास ३ | नयाँदर्ता | २०८३ असार मसान्त | |
| २ | सन्चो स्वास्थ्य क्लिनिक | व्यास ३ | २०८२ आषाढ मसान्त | २०८३ असार मसान्त | |

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुंदा यस कार्यालयको स्वामित्वमा रहेको सफासडक मोहडा तर्फको पसल कवल कोठा नं.A५ ब्यास नगरपालिका वडा नं. २ निवासी नारायण भूषालसँग सम्झौता भई सञ्चालन रहेकोमा अब कार्तिक पश्चात ब्यास १० निवासी केशव न्यौपानेको नाममा सम्झौता गरिदिनु हुन भनि निवेदन प्राप्त भएको हुंदा ३ महिनाको भाडा रकम बरावरको धरौटी रकम दाखिला गरी साविककै भाडा दर कायम रहने गरी केशव न्यौपानेसँग सम्झौता गर्न राजश्व परामर्श समितिवाट सिफारिस भई आएको हुंदा सोही बमोजिम गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.२५:</u> प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुंदा यस कार्यालयको स्वामित्वमा रहेका तपसिल बमोजिमका पसल कवलको तपसिल बमोजिमको न्यूनतम भाडा दर कायम गरी सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | कोठा नं. | न्यूनतम भाडा दर | कैफियत |
|---|---|---|---|
| १. | यु-३ | ३५,२८६/- | साविक एन.एम.वि. बैंक भएको (२ वटा कोठा मात्र) |

<u>निर्णय नं.२६:</u> प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका आ.व. २०८२/०८३ कृषि विकास उपशाखाको देहाय बमोजिमका वार्षिक स्वीकृत कार्यक्रमहरु सञ्चालनका लागि मिति २०८२/०७/२३ गतेको आर्थिक विकास समितिको सिफारिस अनुसार तपसिलका कृषि सहकारी र कृषक समूहलाई छनौट गरी सम्झौता अनुसार कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो।

**१. आलु पकेट क्षेत्र ५०% अनुदान कार्यक्रममा छनौट भएका लाभग्राहीहरुको विवरण :**

| क्र. सं. | कृषकसमूह/ कृषि सहकारीको नाम | ठेगाना | क्षेत्रफल (रोपनी) | अनुदान रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिलिजुली कृषक समूह | व्यास १२ | २० | ७८,२५०/- | बीउ, मल, विषादी, कृषि औजार, आदि |
| २ | न्यू अभियान कृषि उत्पादक स.सं. लि. | व्यास ६ | २० | ७८,२५०/- | बीउ, मल, विषादी, कृषि औजार, आदि |
| ३ | सिन्धु कृषि स.सं. लि. | व्यास ५ | २० | ७८,२५०/- | बीउ, मल, विषादी, कृषि औजार, आदि |
| ४ | मध्य माँझफाट कृषक समूह | व्यास ९ | २० | ७८,२५०/- | बीउ, मल, विषादी, कृषि औजार, आदि |
| ५ | स्वावलम्बी कृषि स.सं. लि. | व्यास ७ | २० | ७८,२५०/- | बीउ, मल, विषादी, कृषि औजार, आदि |

**२. माटो परीक्षण तथा कृषि चून/जिप्सम वितरण कार्यक्रममा छनौट भएका लाभग्राहीहरुको विवरण :**

| क्र.स. | कृषक समूह/कृषि सहकारीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | तुलसी कृषक समूह | व्यास १३ | माटो परीक्षण |
| २. | मिनराज पन्थ | व्यास १३ | माटो परीक्षण |
| ३. | केशवटार कृषि सहकारी संस्था लिमिटेड | व्यास १३ | माटो परीक्षण |
| ४. | विमला अछामी | व्यास १३ | माटो परीक्षण |

**३.च्याउ खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रममा छनौट भएका लाभग्राहीहरुको विवरण**

| क्र.स. | फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | तनहुँ च्याउ खेती उद्योग | व्यास ५ | टनेल संरचना, बीउ, पराल, प्लाष्टिक, दाउरा, आदि |
| २. | विकल्प एकिकृत कृषि तथा पशु फर्म | व्यास ५ | टनेल संरचना, बीउ, पराल, प्लाष्टिक, दाउरा, Chaffcutter, आदि |

<u>निर्णय नं.२७:</u> प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुंदा जिल्ला सभाको निर्णय अनुसार जिल्ला समन्वय समिति तनहुँको मौज्दात कोषबाट यस नगरपालिकाको लागि स्वीकृत तपशिलमा उल्लेखित विभिन्न योजनाहरुको कार्य सम्पन्न भै नगरपालिकाको आन्तरिक श्रोतबाट निर्माण समिति/निर्माण व्यवसायीहरुलाई अन्तिम किस्ता रकम समेत भुक्तानी गरी सकिएको हुँदा जिल्ला समन्वय समितिको दायित्व तर्फको बाँकी रकम सोधभर्ना निकासा माग गर्नको लागि जिल्ला समन्वय समिति दमौली तनहुँमा पेश गर्ने निर्णय गरियो ।

| सिनं. | योजनाको नाम र ठेगाना | ठेगाना | रकम |
|---|---|---|---|
| १. | वडा कार्यालय भवन निर्माण | व्यास १ | ४,५०,०००/- |
| २. | वडा कार्यालय भवन निर्माण | व्यास ९ | ४,५०,०००/- |
| ३. | वडा कार्यालय भवन निर्माण | व्यास १३ | १२,५०,०००/- |
| ४. | वडा कार्यालय भवन निर्माण | व्यास १४ | १२,५०,०००/- |
| ५. | वडा कार्यालय भवन निर्माण (चन्द्रोदय सामुदायिक भवन) | व्यास ६ | १२,५०,०००/- |
| ६. | सत्रसय खानेपानी योजना | व्यास ७ | २,२५,०००/- |
| ७. | श्रीचौर खानेपानी योजना | व्यास ७ | २,२५,०००/- |
| ८. | सिमलटार नरङ्गा साविक विफ्रे खानेपानी योजना | व्यास ७ | १,३५,०००/- |
| ९. | रानीगाउँ डिपबोरिङ खानेपानी योजना | व्यास ११ | ८,६६,२५०/- |

निर्णय नं.२८: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुंदा आ.व. २०८२/०८३ का लागि सम्बन्धित वडा अन्तर्गत रहेका निम्न लिखित योजनाहरु परिवर्तनका लागि सिफारिस भई आएकाले निम्नानुसार शिर्षक एवं योजना परिवर्तन गरी अनुमोनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | योजना क्र.सं. | विनियोजित शिर्षक | परिवर्तन शि्षक/योजना | रकम |
|---|---|---|---|---|---|
| १. | ६ | २२८ | संघ संस्था अध्ययन अवलोकन भ्रमण | विविध फुटकर योजना | २,००,०००/- (दुइ लाख) |
| २. | ६ | ९१६ | माहेन्द्री मार्ग नारेश्वर खोल्सामा कल्भर्ट निर्माण | माहेन्द्री ग्रामिण मार्ग भलायडाँडा खण्ड सडक स्तरोन्नती | १०,००,०००/- (दश लाख) |
| ३. | ११ | २७५ | बाराही मा.वि. बस सञ्चालन व्यवस्थापन | बाराही मा.वि. कम्पाउण्ड वाल निर्माण | २,००,०००/- (दुइ लाख) |
| ४. | ११ | ७३७ | भाइरलडाँडा पार्क हरियाली प्रवर्द्धन | देउरालीडाँडा पार्क निर्माण | २,००,०००/- (दुइ लाख) |

निर्णय नं.२९: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुंदा सुरक्षित नागरिक आवासको ११३ जना लाभग्राही मध्ये ७४ जनाले पहिलो र अन्तिम किस्ता वापतको रकम काम सम्पन्न रकम भएको र बाँकी ३९ जना लाभग्राहीले पहिलो किस्ता लिई अन्तिम किस्ता बाँकी रहेको हुदा प्राविधिक मुल्याङकन बमोजिम बढिमा रू.७५,०००/- सम्म भुक्तानी हुने भएकोले वडाको सिफारिस र सम्पन्न भएको फोटो सहित यथासिघ्र कागजपत्र पेश गर्न अनुरोध गर्ने र यो आ.व मा कागज पत्र पेश नभएमा आगामी बर्षमा बजेट नआउने साथै पहिलो किस्ता बापतको रू.४५,०००/- रुपैया पेश्की बेरुजु भई तिर्नु बुझाउनु पर्ने व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

**दोस्रो किस्ता पाउनेहरुको विवरण :**

| क्र.सं. | नाम, थर | वडा नं. | पहिलो किस्ता वापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | छलिमाया नेपाली | १ | ४५,०००/- | |
| २. | समुन्द्र घर्ती | १ | ४५,०००/- | |
| ३. | राम कुमारी नेपाली | १ | ४५,०००/- | |
| ४. | दामु दरै/होम बहादुर दरै | ४ | ४५,०००/- | |
| ५. | उत्तम गुरुङ | ७ | ४५,०००/- | |
| ६. | सिशाघाटे भन्ने सोम बहादुर बोटे | ७ | ४५,०००/- | |
| ७. | खड्ग बहादुर गुरुङ | ७ | ४५,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ८. | बुद्धिमाया दरै | ७ | ४५,०००/- | |
| ९. | उदय बहादुर गुरुङ | ८ | ४५,०००/- | |
| १०. | मनबहादुर सार्की | ८ | ४५,०००/- | |
| ११. | सिता दर्जी | ८ | ४५,०००/- | |
| १२. | बिमला परियार | १० | ४५,०००/- | |
| १३. | मिना न्यौपाने | १० | ४५,०००/- | |
| १४. | पार्वती कुमारी क्षेत्री | १० | ४५,०००/- | |
| १५. | विवा माया सुनार | १० | ४५,०००/- | |
| १६. | जुना दरै | १० | ४५,०००/- | |
| १७. | लक्ष्मी कुमाल | १० | ४५,०००/- | |
| १८. | हर्क बहादुर दरै | १० | ४५,०००/- | |
| १९. | कैली सार्किनी | १० | ४५,०००/- | |
| २०. | सोम बहादुर दरै | १० | ४५,०००/- | |
| २१. | लिलामाया भुषाल | १० | ४५,०००/- | |
| २२. | मानकुमारी गुरुङ | १० | ४५,०००/- | |
| २३. | सनिसरा सिंजाली | १० | ४५,०००/- | |
| २४. | हर्कीमाया बोटे | १० | ४५,०००/- | |
| २५. | जुठी परियार | १० | ४५,०००/- | |
| २६. | मैतुमाया गुरुङ | ११ | ४५,०००/- | |
| २७. | अमर प्रजा | ११ | ४५,०००/- | |
| २८. | सन्दिप परियार | ११ | ४५,०००/- | |
| २९. | विरवल घर्ती | ११ | ४५,०००/- | |
| ३०. | बल बहादुर दरै | ११ | ४५,०००/- | |
| ३१. | भिम बहादुर थापा (चन थापा) | १३ | ४५,०००/- | |
| ३२. | मेनुका वि.क. | १३ | ४५,०००/- | |
| ३३. | भक्त बहादुर चम्रकार | १३ | ४५,०००/- | |
| ३४. | दिल बहादुर थापा | १३ | ४५,०००/- | |
| ३५. | दिलमाया थापा | १३ | ४५,०००/- | |
| ३६. | मोहन नेपाली | १३ | ४५,०००/- | |
| ३७. | मनमाया वि.क. | १३ | ४५,०००/- | |
| ३८. | मनमाया थापा | १४ | ४५,०००/- | |
| ३९. | सन्दिप सुनार | १४ | ४५,०००/- | |

निर्णय नं.३०: प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुंदा व्यास १ स्थित बुद्धदाहाल बहिरा प्रा.वि. मा कार्यरत करार शिक्षक श्री मनोज थापा र विद्यालयकै बहिरा विद्यार्थी लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं.४ दुइपिप्लेमा एक होटलमा बन्द कोठाभित्र विद्यार्थीकै अभिभावकले मिति २०८२/०५/११ गते दिउँसो ११:०० बजे फेला पारी कार्यबाहीका लागि विद्यालयमा निवेदन पर्न आएकोमा सम्बन्धित मनोज थापासँग लिखित स्पष्टिकरण माग भई घटनाको स्वीकार भएकाले नैतिकताका आधारमा करार शिक्षकलाई निरन्तरता दिन नसकिने भनी विद्यालय व्यवस्थापन समितिबाट २०८२/७/२१ गते आफ्नै पितालाई जिम्मा लगाइएको विवरण प्राप्त भएकाले शिक्षा

नियमावलीको नियम १४४ (१) (क) बमोजिम करार सम्झौता खारेज गरिएको जानकारी विद्यालयबाट प्राप्त भएकोले सम्बन्धित शिक्षकलाई सोही व्यहोराको जानकारी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३१: प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुंदा गत भाद्र २३ र २४ गते भएको जेन्जी पुस्ताको आन्दोलनका क्रममा यस नगरपालिकामा चालु अवस्थामा रहेका ४ थान हलुका सवारी साधन र ३ थान मोटर साइकल लगायत करिव २ करोडको क्षति भएकोमा हाल दैनिक सेवा प्रवाह, नगरका विकास योजनाको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, बजार अनुगमन, वडा स्वास्थ्य संस्था, शैक्षिक संस्थाको सेवा प्रवाहको अवस्थालाई नियमन गर्न समस्या परेकोले हाललाई अत्यावश्यक २ थान हलुका सवारी साधन खरिदका लागि अर्थ मन्त्रालयसँग सहमती माग गरी बीमा वापत प्राप्त हुने रकम र नपुग आन्तरिक स्रोतको रकम समेतबाट खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.३२: प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का आब्हान भई बेलघारी वडा कार्यालय सडक स्तरोन्नती कार्य (ठेक्का नं.०२/WORKS/ VYASMUN/०८१।८२) को लागि ठेक्का सम्झौता भएकोमा निर्माण कार्य गर्दै जांदा स्थानीयहरुको माग र फिल्डको यथार्थ वस्तुस्थितीको आधारमा ठेक्का सम्झौताको रकम ननाध्ने गरी योजना शाखाको सिफारिस अनुसार परिमाण भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३३: प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाले खरिद गरी प्रयोगमा ल्याउन ठेक्का आव्हान समेत भएको घुम्ती शौचालयलाई सम्बन्धित वडा, मेला-महोत्सवमा माग भएका बखत प्रयोग गर्ने गरी ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं.३४: प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिकाको दमौली बजार जिल्लाकै सदरमुकाम भएको, यस नगरपालिकामा ४० माइक्रोन भन्दा तलको प्लाष्टिकजन्य प्रयोगमा प्रतिबन्ध लगाइएकोमा छिमेकी पालिकाहरुमा सो कार्य निषेधित नहुँदा जिल्लाकै सदरमुकामको प्लाष्टिक व्यवसायीले छिमेकी पालिकालाई देखाई निषेधित प्लाष्टिक विक्री वितरण गरिरहेको देखिंदा छिमेकी पालिकाहरुसँग समन्वय गर्नुपर्ने आवश्यकता हुंदा सम्बन्धित समिति मार्फत समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं.३५: प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं.१ छाब्दी सेतीनदी सँगममा रहेको विक्रम पार्कमा रहेको एक सिमलको रूख हावाहुरी आउँदा ढल्ने जोखिम र उक्त पार्कमा मानिसहरु बस्ने हुँदा जोखिमयुक्त रूख हटाउन सम्बन्धित वडाबाट सिफारिस भई आएकाले उक्त सिमलको रूख हटाई व्यवस्थापन गर्न डिभिजन वन कार्यालय दमौलीमा स्वीकृतीका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३६: प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिका अन्तर्गत सत्यवती मा.वि. व्यास २, जनकल्याण प्रा.वि. व्यास ११ मा प्रा.वि. शिक्षक दरबन्दी रिक्त भएकाले निम्नानुसार शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

१. सत्यवती मा.वि. व्यास २ -श्री प्रकाश मिश्र -शंकर प्राथिमक विद्यालय व्यास ६ बाट ।
२. जनकल्याणा प्रा.वि. व्यास ११ -श्री सुनिता नेपाली -नयाँज्योती प्रा.वि. व्यास ८ बाट ।
३. अमरज्योती मा.वि. व्यास १२ -श्री बन्धुराज पौडेल -बसन्त आधारभुत विद्यालय व्यास ११ बाट ।
४. रिक्त दरबन्दीमा शिक्षक सरुवाका लागि नियमानुसार विज्ञापन गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

निर्णय नं.३७: प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुंदा शिक्षा नियमावली २०५९ परिच्छेद १९ बिदा तथा काज सम्बन्धी व्यवस्था नियम १०६ (छ) तथा व्यास नगर शिक्षा नियमावली २०७६ परिच्छेद ११ बिदा तथा काज सम्बन्धी व्यवस्था नियम ६२ (ज) स्थायी शिक्षकहरुको अध्ययन विदाका सम्बन्धमा स्थायी सेवा ५ वर्ष पुगेका शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एक तह माथीको उच्च शिक्षा अध्ययनका लागि अध्ययन विदा आवश्यकता भएका शिक्षकहरुका लागि इच्छुक शिक्षकहरुबाट निवेदन आह्वान गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.३८: प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुंदा निम्न लिखित योजनाहरुको कार्य तत्काल प्रारम्भ गर्नुपर्ने देखिदा निम्न शिर्षकहरुबाट श्रोत सुनिश्चित गरी निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं. ५ उदय मा.वि. बाट म्याग्दे गा.पा.वडा नं. १ झो.पु. निर्माण गतबर्षकै योजना भएको करिव ३०,००,०००/- (तिस लाख) बरावरको सामाग्री खरिद भइसकेको हाल रू.१०,००,०००/- (दश लाख) सङ्घीय सशर्त अनुदान प्राप्त भएको थप रकमका लागि माग भइरहेकोमा व्यास नगरपालिकाको लागत सहभागीताबाट तत्काल रू.१०,००,०००/- (दश लाख) बजेट शिर्षक नं. ८५७ बाट खर्च गर्ने गरी श्रोत सुनिश्चित गरी जम्मा रू.२०,००,०००/- (बिस लाख) बाट नियमानुसार काम अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.१० र ११ जोड्ने भोटेखोल्सीमा कल्भर्ट निर्माण प्रकृया गतबर्षा नै प्रारम्भ गरी अधुरो रहेको र उक्त कार्य पुरा गर्न रू.१४,३७,५९९/४५ आवश्यक पर्ने ल.ई. पेश हुन आएकाले बजेट शिर्षक नं. ८५८ बाट खर्च हुने गरी श्रोत सुनिश्चित गर्ने र नियमानुसार निर्माण प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३९: प्रस्ताव नं.३९ का सम्बन्धमा छलफल हुंदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी निम्न लिखित अत्यावश्यक कार्य, विपदजन्य कार्य र उपचार सहयोगमा निम्नानुसार रकम निम्नानुसार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | दमौली धुपखोला कृयापुत्री अधुरो भवन निर्माण | १ | २,१०,०००/- | ८७५ |
| २. | सामुदायिक सेवा केन्द्र, लागू औषध नियन्त्रण समेत विविध कार्यक्रम सहयोग | १ | १,००,०००/- | १२४ |
| ३. | राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान नेपाल कार्यक्रम सहयोग | २ | ५०,०००/- | ११६ |
| ४. | राष्ट्रिय वाणिज्य बैंङ्क लाइन पराशर टोल विद्युत पोल स्थानान्तरण सहभागीता | ३ | ५५,०००/- | ८८१ |
| ५. | बुद्धपार्क टोल शवदाहघाट कम्पाउण्ड व्यवस्थापन | ३ | १,५०,०००/- | ९७८ |
| ६. | एलायन्स क्लव, लागूऔषध विरूद्ध कार्यक्रम सहयोग | ३ | ५०,०००/- | १२४ |
| ७. | जेष्ठ नागरिक मिलन केन्द्र हरिबोधनी एकादशी कार्यक्रम | ३ | २,५००/- | ७२ |
| ८. | वैदिक पुरोहित समाज भवन निर्माण सहयोग | ३ | १,५०,०००/- | ८७५ |
| ९. | बालिका सोफिया कडरिया, उपचार सहयोग | ४ | २०,०००/- | ६१ |
| १०. | राजेन्द्र मिश्र, जर्सीगाई अचानक मृत्यु राहत | ५ | २०,०००/- | विपद चालु |
| ११. | त्रिपुरेश्वर जेष्ठ नागरिक दिवासेवा खाजा व्यवस्थापन | ५ | ७०,०००/- | १०४ |
| १२. | रानीटारी टोल विकास समिति फर्निचर व्यवस्थापन | ५ | ४०,०००/- | ८७५ |
| १३. | सिर्दी पिपलटारी खानेपानी टंकी निर्माण | ५ | १,५०,०००/- | ८७६ |
| १४. | विशाल एग्रो माछा फार्म हुदै सिन्धु मार्ग जोड्ने बाटो मर्मत | ५ | १,००,०००/- | ९७८ |
| १५. | याम प्रसाद श्रेष्ठको २५ के.जी. बोका, ३५ के.जी. बाख्रा अचानक मृत्यु राहत | ६ | १५,०००/- | विपद चालु |
| १६. | सिशाघाट मरणघाट जाने बाटो स्तरोन्नती | ६ | ३,००,०००/- | ९७८ |
| १७. | बेलडिही खानेपानी टङ्की निर्माण | ६ | ५०,०००/- | ८७६ |
| १८. | अधुरो चिसापानीटारी कुलो निर्माण | ६ | १,२०,०००/- | ८७८ |
| १९. | इन्दु मा.वि. बालउद्यान घेरावार समेत | ६ | २,५०,०००/- | ८७७ |

| | | | | |
|---|---|---|---|---|
| २०. | सिंह बहादुर विष्टको १ बाख्रा, १ बोका मृत्यु राहत | ७ | १५,०००/- | विपद चालु |
| २१. | सितादेवी कृषि तथा पशुपन्छी फार्म चापाकटर खरिद | ७ | २५,०००/- | १४२ |
| २२. | अञ्जना पौडेल, सुदिक्षा एवं सुवेक्षा कृषि चापाकटर खरिद | ८ | २५,०००/- | १४२ |
| २३. | झिनुवाटार खानेपानी पाइप खरिद | ९ | ३,००,०००/- | ८७६ |
| २४. | वे-घरवार काजीमान सार्की, आवास व्यवस्थापन सहयोग | ९ | ४०,०००/- | ११५ |
| २५. | सोनाक्षी कृषि तथा पशु फार्म पाइप खरिद | १० | २०,०००/- | १४२ |
| २६. | नवराज पाठक, कृषि तथा पशु फार्म पाइप मोटर खरिद | १० | ३५,०००/- | १४२ |
| २७. | भानुभक्तको इनारदेखि ओझाबस्ती हुदै अनन्त रिङरोड जोड्ने बाटो निर्माण | १० | ४,००,०००/- | ९७८ |
| २८. | हरिचन्द्र खनाल, चापाकटर मेशिन खरिद | ११ | २५,०००/- | १४२ |
| २९. | लाङ्घाली नमुना मगर आमा समूह, फर्निचर व्यवस्थापन | १२ | ६०,०००/- | ८७५ |
| ३०. | बिर बहादुर आले, मष्तिकघात जटिल बिरामी सहयोग | १४ | २५,०००/- | ६१ |
| ३१. | रासीभञ्ज्याङ टोल राममन्दिर भजन समूह सामाग्री खरिद | १४ | ४५,०००/- | ८७५ |
| ३२. | PAMS V2 र eHIMS software तालिम (स्वास्थ्य शाखा) | | २,१९,५००/- | १२४ |
| ३३. | ह्वील चियर इलेक्ट्रिक खरिद | | १,१५,०००/- | १०१ |
| ३४. | राजश्व सम्भाव्यता अध्ययन करदाता शिक्षा कार्यक्रम, वित्तिय साक्षरता कार्यक्रम | | ५,००,०००/- | ३५ |
| ३५. | माइक्रो मिटर खरिद | | ३०,०००/- | ७२ |
| ३६. | बसपार्क स्ल्याव ढलान | | ६,७०,०००/- | ८७७ |
| ३७. | बसपार्क सि.सि. क्यामरा र विद्युत व्यवस्थापन | | २२,०५२/- | ८८१ |
| ३८. | वरिष्ठ अधिवक्ता कृष्ण बहादुर थापा, बहस पैरवी भुक्तानी | | ६२,१५०/- | ७२ |
| ३९. | नेपाल नगरपालिका संघ सदस्यता शुल्क (३ बर्षको) | | १,५०,०००/- | ६२ |
| ४०. | मिलीजुली कृषक समूह थ्रेसर मेशिन खरिद सहभागीता | | २,२५,०००/- | १४२ |
| ४१. | भानुभक्त टोल सम्वृद्धि आमा समूह, पूर्वाधार निर्माण सहयोग | | ५,००,०००/- | ८७५ |
| ४२. | जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिताका लागि व्यवस्थापन खर्च | | ४,२०,०००/- | ११८ |
| ४३. | थर्पु प्रहरी चौकी गाडी मर्मत सहयोग | | ५०,०००/- | ३० |

***